# मेलुङ गाउँपालिकाको विनियोजन ऐन,२०७८

मेलुङ गा.पा. को विनियोजन ऐन २०७८ नियमानुसार प्रचलीत कानून अनुसार प्रमाणित गर्दछु/

२०७८/०४/०८

नर बहादुर श्रेष्ठ
अध्यक्ष

मेलुङ गाउँपालिका

भेङ्पु, दोलखा

## मेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**गाउँसभाबाट स्वीकृत मिति : २०७८/०३/२७**

**प्रस्तावना :**

मेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मेलुङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मेलुङ गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६१,४०,४२,८१६।- (अक्षेरुपी एकसठ्ठी करोड चालीस लाख बयालीस हजार आठ सय सोह्र रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त मेलुङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च

Scanned with CamScanner

तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

मैलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडपु, दोलखा बागमती प्रदेश, नेपाल २०७३

नर बहादुर श्रेष्ठ
अध्यक्ष

Scanned with CamScanner

मैलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेद्पु, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## अनुसूचि -१

(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

नर बहादुर श्रेष्ठ
अध्यक्ष

रु. मा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | समानिकरण अनुदान | | सशर्त अनुदान | वितिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पूँजिगत/कार्यक्रम खर्च | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| १ | | गाउँ कार्यपालिका | १५,४५,६९,९९७.३९ | २२,८०,५२,८१८.६१ | २३,१४,२०,००० | – | ६१,४०,४२,८१६ | |
| २ | | वडा समिति | | – | – | – | | |
| ३ | | बिषयगत शाखा | – | – | – | – | – | विषयगत शाखामा अधिकृतस्तरको अधिकारी नभएकोले विषयगत शाखाको खर्च समेत गाउँ कार्यपालिकाबाट हुने |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | – | – | – | – | – | |
| ५ | | लगानी (शेयर/ऋण) | – | – | – | – | – | |

मैलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेद्पु, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

नर बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner